# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क ४, २०७५ साउन Year 6, Issue 4, August 2018


## राजस्व संकलनमा २१ प्रतिशतको वृद्धि



आर्थिक वर्ष २०७५।७६ को लागि विभागलाई रु ४०४ अर्व २२ करोडको लक्ष्य प्राप्त भएको छ। साउन महिनाको लागि रु २८ अर्व ६४ करोड लक्ष्य रहेकोमा रु २७ अर्व ६४ करोड संकलन भई लक्ष्यको तुलनामा ९७ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको

बाँकी पृष्ठ ४ मा

## व्यवस्थापन गोष्ठी, २०७५ सम्पन्न




(कार्यक्रमको उद्घाटन गर्नुहुँदै माननीय अर्थमन्त्रीज्यू)

आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूले आर्थिक वर्ष २०७४। ७५ मा सम्पादन गरेका कार्यहरूको समीक्षा गर्दै आर्थिक वर्ष २०७५।७६ को कार्य सम्पादनमा गर्नुपर्ने सुधारको विषयमा अन्तरक्रिया गर्न प्रत्येक वर्ष जस्तै यस वर्ष पनि २०७५ श्रावण २७ र २८ गते व्यवस्थापन गोष्ठीको आयोजना गरियो ।

माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले श्रावण २७ गते व्यवस्थापन गोष्ठीको समुद्घाटन गर्नुभयो । उद्घाटन कार्यक्रमको प्रमुख अतिथ्यता गर्दै माननीय अर्थमन्त्रीज्यूले कर प्रणालीलाई सामाजिक न्यायसंग आवद्ध गर्दै प्रगतिशील कर प्रणालीको विकास गर्दै जानुपर्ने, वर्तमान संघीय प्रणालीमा सेवा प्रवाहको शुलभताको साथ साथै करको भार समेत अलि बढी भएको परिप्रेक्षमा वित्तीय संघीयता कार्यान्वयनको पहिलो वर्ष भएकोले यस्ता असहजताहरू क्रमश: न्यून हुदै जाने, उच्च मनोवल र नैतिक आचरण कायम राख्दै कर प्रशासनले आगामी दिनमा कार्य गर्नुपर्ने र प्रदेश तथा स्थानीय तहलाई करका विषयमा आवश्यक जानकारी प्रवाह गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

बाँकी पृष्ठ ३ मा....

### यसभित्र


उत्कृष्ट कार्यालयहरू पुरस्कृत — पृष्ठ ५

आन्तरिक राजस्व विभागको प्रतिवद्धता, २०७५ — पृष्ठ ६

महानिर्देशक र कार्यालय प्रमुखहरुबीच कार्यसम्पादन सम्झौता सम्पन्न — पृष्ठ ८

# महानिर्देशकको सन्देश



**आर्थिक ऐन, २०७५ ले प्रदान गरेका सहुलियतको अधिकतम उपयोग गरी स्वयं कर सहभागिता अभिवृद्धि गराउनका लागि व्यापक प्रचार प्रसार गरी बढी भन्दा बढी करदाताहरुमा सचेतना बढाउनु कर प्रशासन र निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुको दायित्व र कर्तव्य हो । त्यसैले आआफ्ना सदस्य व्यवसायी र आम करदातालाई सुसूचित गराउने अभियानमा समग्र निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सरकारी, गैरसरकारी क्षेत्र, आम संचार माध्यम लगायत सम्बद्ध सबैको क्रियाशील सहयोगको अपेक्षा गर्दछु ।**

गत आर्थिक वर्ष लिइएका राजस्व नीति तथा कार्यक्रम र कर कानून कार्यान्वयनको समीक्षा र यस वर्ष बजेटमा व्यक्त भएका राजस्व नीति तथा कार्यक्रम एवं आर्थिक ऐनका संशोधित प्रावधानहरुको प्रभावकारी कार्यान्वयनका लागि छलफल गर्ने उद्देश्यले आयोजना गरिएको व्यवस्थापन गोष्ठी, २०७५ सम्पन्न भएको छ । सो गोष्ठीका सहभागीहरुलाई विभिन्न पाँच विषयगत समूहमा विभाजन गरी विषयगत प्रतिवेदन पेश गरिनुका साथै विभाग तथा कार्यालयहरुबाट पहिचान भएका समस्याहरुलाई समाधान गर्ने विषयमा समेत वृहत रुपमा छलफल भएको थियो । गोष्ठीले चालु आ.ब. मा सम्पन्न गरिने महत्वपूर्ण विषयहरु समेटेर १९ बुँदे प्रतिवद्धतापत्र जारी गरिएको र सोको कार्यान्वयन गर्न कार्यगत सूचाकाङ्क सहितको विस्तृत कार्ययोजना तयार गरिएको छ ।

कार्ययोजना बमोजिम गुणात्मक कार्य सम्पादन गरी लक्षित राजस्व रु. ४०४ अर्ब प्राप्त गर्न विभाग प्रतिवद्ध छ । यसवर्ष विशेषत स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न करदाता सेवा, शिक्षा तथा सचेतना वृद्धि गर्ने, करछलीको जोखिम न्यूनीकरण गर्न करदाताको Profile तयार गरी कर परीक्षण तथा अनुसन्धान, बजार अनुगमन र बक्यौता संकलन र फछ्र्यौटको कार्यलाई तीव्रता दिइनेछ । यस्तै भुक्तानी प्रकृयालाई सहज बनाउन e-payment लागू गर्ने, आन्तरिक नियन्त्रण एवम् कर परीक्षणर अनुसन्धानको गुणस्तर कायम गर्न कार्यालयबाट परीक्षण र अनुसन्धान भएका फाईलमध्ये जोखिमका आधारमा केही फाईलहरुको आन्तरिक पुनरावलोकन गर्ने व्यवस्था मिलाइनेछ । प्रशासकीय पुनरावलोकनका लागि दर्ता भएका निवेदन उपर छिटो छरितो रुपमा निर्णय गर्ने व्यवस्था मिलाउने, पुनरावेदनका लागि निवेदन दिएका करदाताको लगत अध्यावधिक गर्न र प्रकृयालाई सहज बनाउनका लागि Appeal Information Management System (AIMS) को विकास गर्ने व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

आर्थिक ऐन, २०७५ ले प्रदान गरेका सहुलियतको अधिकतम उपयोग गरी स्वयं कर सहभागिता अभिवृद्धि गराउनका लागि व्यापक प्रचार प्रसार गरी बढी भन्दा बढी करदाताहरुमा सचेतना बढाउनु कर प्रशासन र निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरुको दायित्व र कर्तव्य हो । त्यसैले आआफ्ना सदस्य व्यवसायी र आम करदातालाई सुसूचित गराउने अभियानमा समग्र निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, सरकारी, गैरसरकारी क्षेत्र, आम संचार माध्यम लगायत सम्बद्ध सबैको क्रियाशील सहयोगको अपेक्षा गर्दछु । सम्वद्ध सरोकारवाला सबैको क्रियाशिल सहभागिता, सहयोगको माध्यमबाट नै विभागलाई प्राप्त लक्ष्य हासिल गर्दै समृद्ध नेपाल निर्माणका लागि आवश्यक कर राजस्व परिचालनमा सघाउ पुऱ्याउन मद्दत हुने व्यहोरा अवगत गराउन समेत चाहन्छु ।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, भदौ**

पृष्ठ १ बाट क्रमश..

# व्यवस्थापन गोष्ठी, २०७५ सम्पन्न

कार्यक्रममा अर्थ सचिव डा. राजन खनालले संघ, प्रदेश र स्थानीय तह बीचमा दोहोरो करारोपण नहुने गरी प्रदेश र स्थानीय तहमा कर सम्बन्धी बिषयमा जानकारी गराउनुपर्ने, करको सरल गणना, सरल भुक्तानी र सरल कार्यविधि बनाउने सम्बन्धमा गोष्ठीमा छलफल हुनुपर्ने तथा करदाता सेवा कार्यालयबाट आन्तरिक राजस्व कार्यालयमा रूपान्तरण हुने कार्यालयहरूको भौतिक पूर्वाधार निर्माणमा ध्यान पुर्‍याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा महालेखा नियन्त्रक सुरेश प्रधानले समृद्धि, विकास र सुशासन प्राप्त गर्न कर प्रणालीलाई सोही अनुरूप रूपान्तरण गर्दै जानुपर्ने, राजस्व र खर्च प्रणालीलाई तुलनात्मक ढंगले विश्लेषण गर्नुपर्ने, स्थानीय तहलाई खर्चको व्यवस्थापन सम्बन्धमा समेत सुसूचित गराउनु पर्ने र फूललाई थाहा नहुने गरी मौरीले रस लिए जस्तै करदातालाई करको ज्यादा भार महसुस नहुने गरी करारोपण गर्ने उपायहरू पहिल्याउन गोष्ठीलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

यस्तै सोही कार्यक्रममा राजस्व सचिव शिशिर कुमार ढुंगानाले आफ्नो मन्तव्यको क्रममा गत आ.व.मा विभागले राजस्वको लक्ष्य प्राप्ति तथा कार्यगत सफलताको लागि बधाइ दिंदै कर सम्बन्धी विश्वव्यापी सिद्धान्त र अन्तराष्ट्रिय अभ्यास अनुसारको कर प्रणाली विकास गर्ने, कर कानूनको व्याख्यामा मनोगत पक्षलाई न्युनीकरण गर्ने, निजी क्षेत्रसंग हातेमालो गर्दै सेवा प्रवाहमा अझ सुधार ल्याउने कराधारको विस्तार गर्ने र सूचना प्रविधिको प्रयोगलाई सेवा प्रवाहसंग अझ बढी आवद्ध गर्ने दिशामा गोष्ठीमा छलफल हुनुपर्ने विषयमा जोड दिनु भयो ।

विभागीय प्रस्तुतिको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले सवै प्रकारका आर्थिक कृयाकलापलाई करको दायरामा ल्याउन आर्थिक ऐन २०७५ ले प्रदान गरेका सुविधा (Scheme) हरूको प्रचार प्रसार तथा उपयोगमा जोड दिनुपर्ने, विद्युतीय भुक्तानी, केन्द्रीय विजक अनुगमन प्रणाली र सूचना प्रणालीमा आधारित अनुसन्धान तथा कर परीक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो । साथै आगामी मंसिर १ गते "कर तिरौं समृद्ध नेपाल निर्माण गरौं" भन्ने नाराका साथ राष्ट्रिय कर दिवस मनाइने जानकारी दिनुभयो ।

कार्यक्रमका अतिथिहरू नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणा, नेपाल उद्योग परिसंघका अध्यक्ष हरिभक्त शर्मा, नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष राजेन्द्र मल्लले समेत शुभकामना मन्तव्यको क्रममा आन्तरिक राजस्व विभाग तथा अन्तरगतका कार्यालयहरूले सेवा प्रवाहमा गरेको सुधारको प्रसंशा गर्दै Doing Business लाई प्रवद्धन गर्ने किसिमले कर प्रणालीमा सुधार ल्याउनुपर्ने, स्वच्छ व्यवसाय स्वच्छ कर प्रशासनको अवधारणालाई साकार पार्नुपर्ने, कानूनको व्याख्यामा एकरूपता ल्याउन र क्षमता विकास गर्न तालिमको विस्तार गर्नुपर्ने र कर प्रशासन पूर्णतया Digital प्रणालीमा जानु पर्ने धारणा राख्नुभयो ।

उद्घाटन कार्यक्रम पश्चात विभागका उप-महानिर्देशकहरू तथा सूचना प्रविधि विज्ञवाट आ-आफ्नो महाशाखागत प्रस्तुती भएको थियो । यसको अतिरिक्त ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालयको प्रस्तुतीका साथै आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयहरूको तर्फवाट समूहगत रूपमा ८ वटा प्रस्तुतीहरू भएका थिए । प्रस्तुतीको क्रममा गत आर्थिक वर्षमा भएका अनुकरणीय कार्यहरू, कार्य सम्पादनको क्रममा आइपरेका प्रमुख समस्याहरू, तिनको समाधानका उपायहरू, आगामी वर्षको राजस्व असूली तथा अन्य कार्यगत लक्ष्य हासिल गर्न अपनाउनु पर्ने रणनीति लगायतका विषयहरू गोष्ठीमा प्रस्तुत गरिएका थिए । विभागको अनुगमन शाखाका निर्देशक महाराज कोइरालाले विभागको समग्र कार्य प्रणालीको सबल पक्ष र सुधार गर्नुपर्ने विषयहरू सहितको विभागको Status Paper प्रस्तुत गर्नुभयो ।

यस्तै कार्यक्रममा उप महालेखा नियन्त्रक यदु भट्टराईले राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) र यसमा गरिएको समसामायिक परिवर्तनका विषयमा सहभागीहरूलाई जानकारी गराउनु भयो । दोस्रो दिनको कार्यक्रममा माननीय महालेखापरीक्षक टंकमणि शर्माले विभागले कर संकलन गर्ने कार्यको साथै अर्थतन्त्रमा भइरहेका अनियमितता हटाउने तर्फ समेत काम गर्नुपर्ने विषयमा निर्देशन दिनुभयो । साथै माननीय महालेखापरीक्षकज्यूले अन्तर्राष्ट्रिय कर विषयका सवालहरूलाई सम्बोधन गर्नुपर्ने बताउनु भयो । साथै विजक जारी नहुने, कम मूल्यमा विजक जारी हुने, नक्कली विल विजकको प्रयोग गर्ने, सरकारी भुक्तानीको मू.अ.कर सम्बन्धित आ.रा.का. हरूमा नवुझाउने जस्ता कार्यहरूलाई निरूत्साहित गर्न कर प्रशासनलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्नुभयो । नायव महालेखापरीक्षक वामदेव अधिकारीले कर प्रशासनका नीतिगत तथा प्रकृयागत व्यवस्थाहरूको विषयमा प्रकाश पार्दै लेखापरीक्षण प्रकृया र कर प्रशासनले विशेष ध्यान दिनुपर्ने विषयहरू समेटिएको

कार्यपत्र प्रस्तुत गर्नुभयो ।

मामिला अध्ययन विश्लेषण तथा प्रतिवेदन प्रस्तुतीकरण (Thematic Discussion and Presentation) का लागि विभिन्न ५ वटा विषयगत समूहहरू गठन गरी कर नीति तथा कर परीक्षण/अनुसन्धान, करदाता सेवाको प्रभावकारिता, कर संकलन, बक्यौता तथा बेरूजु व्यवस्थापन, अन्त:शुल्क व्यवस्थापन र सूचना प्रविधिको उच्चतम प्रयोग तथा सुधार सम्बन्धी विषयहरूमा गहन छलफल तथा विश्लेषण गरी समाधानको खोजी गरिएको थियो । सम्पूर्ण सहभागीहरूलाई ५ समूहमा विभाजन गरी समूहहरूको संयोजन क्रमश: उपमहानिर्देशक वलराम रिज्याल, प्रमुख कर प्रशासक धनिराम शर्मा, उपमहानिर्देशक यज्ञप्रसाद ढुंगेल, उपमहानिर्देशक डा. नारायण प्रसाद रेग्मी र सूचना प्रविधि विज्ञ प्रेमशरण श्रेष्ठले गर्नुभएको थियो ।

गोष्ठीमा विभागका महानिर्देशक, उपमहानिर्देशकहरू, प्रमुख कर प्रशासकहरू, निर्देशकहरू, सवै प्रमुख कर अधिकृतहरू तथा उपत्यका बाहिरका करदाता सेवा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

गोष्ठीको अन्त्यमा स्वयं कर सहभागिता अभिवृद्धिवाट अधिकतम राजस्व हासिल हुने गरी विभागका क्रियाकलापहरू गुणात्मक ढंगले सम्पादन गरिने, आर्थिक वर्ष २०७५।०७६ का लागि निर्धारण गरिएको रू.४०४ अर्ब राजस्व लक्ष्य शीर्षकगत रूपमा संकलन गर्ने, आर्थिक ऐनले प्रदान गरेका छुट सुविधाहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, कर प्रणालीलाई लगानी मैत्री बनाउने, बजार अनुगमन, अनुसन्धान एवं करपरीक्षणलाई गुणस्तरीय बनाउने, एकीकृत कर संहिताको मस्यौदा तयार गर्ने, पैतीस करोड भन्दा बढी कारोवार गर्ने करदातालाई अनिवार्य रूपमा विद्युतीय विजक जारी गर्ने व्यवस्था गर्ने, विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याउने लगायतका प्रतिवद्धता सहीत १९ बुंदे प्रतिवद्धतापत्र जारी गरियो ।

पृष्ठ १ बाट क्रमश..

# राजस्व संकलनमा २१ प्रतिशतको वृद्धि

तुलनामा रु ४ अर्व ७३ करोड अर्थात २१ प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु १२ अर्व ८१ करोड लक्ष्य रहेकोमा रु १३ अर्व ०७ करोड संकलन भई लक्ष्यको तुलनामा १०२ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु ११ अर्व १७ करोड लक्ष्यमा रु ९ अर्व ६८ करोड संकलन अर्थात लक्ष्यको ८७ प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रु ४ अर्व ४६ करोड संकलन भएको छ जुन रु ४ अर्व ५८ करोड लक्ष्यको ९७ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रु ७.२२ करोड लक्ष्यमा रु १६.२८ करोड संकलन भई लक्ष्यको तुलनामा २२५ प्रतिशत संकलन भएको छ । स्वास्थ्य सेवा करतर्फ रु २६.३६ करोड संकलन भएको छ । घर वहाल कर स्थानीय निकायले संकलन गर्ने संबैधानिक व्यवस्था तथा आर्थिक ऐन २०७५ ले शिक्षा सेवा शुल्क (स्वदेशी शैक्षिक संस्था) र स्वास्थ्य सेवा करलाई खारेज गरेकोले यस आर्थिक वर्षको लागि घर बहाल कर र स्वास्थ्य सेवा करतर्फ कुनै लक्ष्य तोकिएको थिएन ।

रु. हजारमा

| शीर्षक | गत वर्षको यस अवधिसम्मको प्रगति | २०७४/०७५ को राजस्व संकलनको प्रगति | | | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | |
| आयकर | ७४८५८५० | ९५५९८९६ | ८९१७५५५ | ९३ | १९ |
| वहालकर | ३४४३९१ | - | ५१५३७६ | - | ५० |
| व्याजकर | २३८६५३२ | ३२५१९७८ | ३६३७३१० | ११२ | ५२ |
| आयकर जम्मा | १०२१६७७३ | १२८११८७४ | १३०७०२४१ | १०२ | २८ |
| मू.अ.कर | ८८६२४७६ | १११७६३९१ | ९६८१९९१ | ८७ | ९ |
| अन्त:शुल्क | ३३९६०१७ | ४५८१६७९ | ४४६३०४३ | ९७ | ३१ |
| शिक्षा सेवा शुल्क | १२८९०० | ७२२८२ | १६२८१९ | २२५ | २६ |
| स्वास्थ्य सेवा शुल्क | ३०४८९७ | - | २६३६५८ | - | (१४) |
| जम्मा | २२९०९०६३ | २८६४२२२६ | २७६४१७५२ | ९७ | २१ |

# उत्कृष्ट कार्यालयहरु पुरष्कृत




(आन्तरिक राजस्व कार्यालय महेन्द्रनगरका प्रमुख कर अधिकृतलाई प्रमाणपत्र हस्तान्तरण गर्नुहुंदै सचिव (राजस्व) शिशिरकुमार ढुङ्गाना)

आन्तरिक राजस्व विभागले गत आ.व. २०७४/०७५ को कार्यसम्पादन मूल्यांकनमा उच्च अंक प्राप्त गर्ने तीन कार्यालयलाई पुरष्कृत गरेको छ । गत आ.व.को समग्र कार्यसम्पादन मूल्यांकनमा आन्तरिक राजस्व कार्यालय महेन्द्रनगर ९८.९० अंकसाथ प्रथम, आन्तरिक राजस्व कार्यालय धनगढी ९८.०८ अंक प्राप्त गरी द्वितीय र आन्तरिक राजस्व कार्यालय पोखरा ९७.०८ अंकसाथ तृतीय स्थानमा रहेका थिए । साउन २७ र २८ गते होटल हिमालय, कुपण्डोलमा आयोजित व्यवस्थापन गोष्ठीको अवसरमा अर्थ सचिव डा. राजन खनाल र सचिव (राजस्व) शिशिर कुमार ढुंगानाले पुरष्कृत हुने कार्यालयका प्रमुखहरूलाई प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

पुरस्कार वितरण पश्चात पुरष्कृत कार्यालयहरूको तर्फबाट बोल्दै प्रथम हुने आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरका प्रमुख कर अधिकृत लेखनाथ शर्माले मातृसंस्थाबाट उत्कृष्ट भएको प्रमाण पत्र पाउंदा गौरवान्वित महशुस भएको बताउनु भयो । आन्तरिक राजस्व विभागमा Research Centre हुन जरूरी भएको बताउँदै उहांले Transfer Pricing, PE, E-Commerce जस्ता विषयमा थप अध्ययन तथा अनुसन्धानको खांचो औंल्याउनु भयो । कर अधिकृतहरूलाई जिम्मेवारी अनुरूपको तालिम कार्यक्रमको आवश्यकता रहेको उल्लेख गर्दै बजारमा बिल जारी नगर्ने र न्यून बीजकीकरणको प्रवृत्तिमा सुधार ल्याउने उपायहरू खोजी गर्न जरूरी रहेको उहांको भनाइ थियो ।




(पुरस्कृत कार्यालयका कार्यालय प्रमुखहरूसंग महानिर्देशक र सचिवज्यूहरू)

नेपाल सरकार

अर्थमन्त्रालय

आन्तरिक राजस्व विभाग

व्यवस्थापन गोष्ठी (२०७५ श्रावण २७ र २८)

# आन्तरिक राजस्व विभागको प्रतिवद्धता, २०७५

"समृद्ध नेपाल सुखी नेपाली" को दीर्घकालीन उद्देश्य हासिल गर्न आवश्यक स्रोतको दिगो आधार नै राजस्व भएको सन्दर्भमा आदर्श कर प्रणालीवाट प्रेरित भई तर्जुमा गरिएका राजस्व नीति तथा कार्यक्रमका उद्देश्यहरु हासिल गर्न आन्तरिक राजस्व विभाग प्रतिवद्ध छ । सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने, करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने र राजस्व प्रशासनमा सुधार गरी करदातालाई दक्ष,व्यावसायिक, स्वच्छ एवम् सुदृढ कर प्रशासनको सुनिश्चितता दिइनेछ । नेपाल सरकारले जारी गरेको श्वेत पत्र, सरकारको नीति तथा कार्यक्रम, बजेटमा व्यक्त राजस्वका उद्देश्य, नीति, कार्यक्रम र सम्बद्ध कर कानून, कर कानूनका व्यवस्था, राजस्व नीति तथा कार्यक्रम कार्यान्वयन योजनाबाट निर्देशित हुँदै विगतमा गरिएका घोषणा र तिनको कार्यान्वयन अवस्थालाई मध्यनजर गरी २०७५ श्रावण २७ र २८ गते ललितपुरमा सम्पन्न व्यवस्थापन गोष्ठीवाट सदाचारिता, इमान्दारिता र विभागका नीति तथा कार्यक्रम प्रति पूर्ण प्रतिवद्ध रहँदै चालु आ.व. २०७५।७६ मा तपसिल बमोजिमका कार्य सम्पादन गर्ने सामुहिक प्रतिवद्धता,२०७५ जारी गरेका छौं ।

१. आर्थिक बर्ष २०७५।७६ का लागि निर्धारण गरिएको कुल राजस्व संकलनको लक्ष्य रु.८३१ अर्व मध्ये आन्तरिक राजस्व विभागलाई तोकिएकोरु.४०४ अर्व राजस्व लक्ष्यलाई संकलन गरिनेछ ।

२. स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्न सेवा प्रवाहमा सुधार र कर सहभागिता लागतमा कमी ल्याउदै लक्षित राजस्व संकलन गर्न आर्थिक ऐनले प्रदान गरेका छुट तथा सुविधाहरु (Scheme) को प्रभावकारी रुपमा कार्यान्वयन गरी करको दायरा विस्तार तथा कर सहभागिता अभिवृद्धि गरिनेछ ।

३. अन्तिम तहसम्मको कानूनी कारवाही गरी बक्यौता संकलन तथा फछ्र्यौटको लक्ष्य हासिल गरिनेछ । साथै बेरुजुको अभिलेखलाई विद्युतीय प्रणालीमा अद्यावधिक गरी तोकिएको लक्ष्य प्राप्त गरिनेछ ।

४. कर प्रणालीलाई लगानीमैत्री बनाउदै उत्पादनमूलक उद्योग र व्यवसायको प्रवर्द्धनका लागि यस वर्ष लिइएका नीतिगत र कानूनी सुधारको पर्याप्त प्रचार प्रसार र कार्यान्वयन गरिनेछ ।

५. करदाता शिक्षा, बजार अनुगमन र अनुसन्धान एवं कर परीक्षण कार्यलाई जोखिममा आधारित बनाई सघन बनाइनेछ ।

६. विद्युतीय भुक्तानी (e-payment) प्रणालीलाई २०७५ भाद्र १ देखि कार्यान्वयनमा ल्याईनेछ ।

७. आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको पुन:संरचना अनुसार कार्यालयहरु २०७५ भाद्रमा व्यवस्थापन गरी संचालनमा ल्याइनेछ ।

८. विद्यमान SITC (Standard International Trade Classification) Codeलाई परिमार्जन गरी कार्यान्वयनमा ल्याईनेछ ।

९. एकिकृत कर प्रणालीमा आयकर तर्फको Audit Trial Report (ATR) तयार गरी २०७५भाद्र १ गतेदेखि कार्यान्वयनमा ल्याईनेछ ।

१०. आयकर,मूल्य अभिवृद्धि कर, अन्त:शुल्क लगायतका राजस्व सम्बन्धी कानुनी व्यवस्थाहरुलाई सरल, सहज एवम् परिष्कृत गरी एउटै ऐनमा समाहित गर्न एकिकृत कर संहिताको मस्यौदा तयार गरिनेछ ।

११. पुनरावेदन सूचना व्यवस्थापन प्रणाली (Appeal Information Management System) को विकास गरी कार्यान्वयनमा ल्याईनेछ ।

१२. कर परीक्षण तथा अनुसन्धान सम्बन्धी सम्पूर्ण प्रक्रियागत अभिलेखहरु एकिकृत सूचना प्रणालीबाटै सिर्जना हुने व्यवस्था मिलाईनेछ। कर प्रशासन सम्बन्धी कार्यमा देखिने नीतिगत तथा कार्यगत अस्पष्टताको निदान गर्न विषयगत Core Group लाई क्रियाशील तुल्याइनेछ।

१३. रु ३५ करोड भन्दा बढी कारोवार गर्ने करदातालाई अनिवार्य रुपमा विद्युतीय माध्यमबाट विजक जारी गर्नुपर्ने व्यवस्था गरिनेछ। विभागले तोकेका करदाताहरुलाई केन्द्रीय विजक अनुगमन प्रणालीमा आबद्ध गरिनेछ।

१४. प्रशासकीय पुनरावलोकनको लागि चालु आ.व.मा दर्ता भएका ५० प्रतिशत र गत वर्षदेखि जिम्मेवारी सरेका निवेदनमध्ये कम्तिमा ५० प्रतिशत निवेदनउपर निर्णय गरिनेछ।

१५ Excise Automation लाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ। मदिरा र वियर उद्योगहरुमा IP Camera जडान गरी प्रत्यक्ष निगरानीको व्यवस्था गरिनेछ। वाइन उद्योगहरुले आगामी वर्ष २०७६ बैशाख देखि स्टिल ट्यांक वा काठको भ्याट प्रयोग गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ। नेपालमा रहेका मदिरा उद्योगको आधारभुत पूर्वाधारको मापदण्ड बनाइनेछ।

१६. एकीकृत कोष प्रणाली (TSA) र भुमिसुधार व्यवस्थापन विभागमा रहेको Land Record Management Information System (LRMIS) र Integrated Tax System बीच अन्तर आबद्धता कायम गरिनेछ।

१७ प्रत्येक कार्यालयबाट कम्तिमा १०० जना बढी राजस्व दाखिला गर्ने करदाताको दर्ता सम्बन्धी सूचना, आय विवरण, कर बक्यौता, बेरुजु तथा योगदान गरेको कर समेत खुल्ने गरी Profile तयार गरिनेछ।

१८. कर प्रशासनमा आबद्ध कर्मचारीको लागि तयार भएको आचार संहिताको पालना गरिनेछ। सो उल्लंघन गर्ने उपर शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

१९. प्रदेश र स्थानीय तहमा राजस्व संकलनमा देखिएका द्विविधा आपसी सहयोग, समन्वय र सहकार्य गरिनेछ।

# विद्युतीय भुक्तानी (e-payment) प्रणाली कार्यान्वयन सम्बन्धमा छलफल सम्पन्न

विद्युतीय भुक्तानी (e-payment) प्रणालीको कार्यान्वयन सम्बन्धमा मिति २०७५ साउन २४ गते विभागमा छलफल कार्यक्रम सम्पन्न गरियो। उक्त छलफल कार्यक्रममा विभागका महानिर्देक विष्णुप्रसाद नेपाल, उप-महानिर्देशक यज्ञ प्रसाद ढुंगेल, सूचना प्रविधि विज्ञ प्रेम शरण श्रेष्ठ, उप-महालेखा नियन्त्रक यदु भट्टराई, विभागका निर्देशक, नेपाल क्लियरिङ्ग हाउसका प्रतिनिधि र राजस्व संकलन गर्ने विभिन्न बैंकका प्रतिनिधिको उपस्थिति थियो।

(छलफल कार्यक्रममा बोल्नुहुँदै उपमहालेखानियन्त्रक यदु भट्टराई)

कार्यक्रममा विद्युतीय भुक्तानी (e-payment) प्रणाली कार्यान्वयनका लागि महालेखा नियन्त्रकको कार्यालय, आन्तरिक राजस्व विभाग, नेपाल क्लियरिङ्ग हाउस र राजस्व संकलन गर्ने विभिन्न बैंकको भूमिकाको बारेमा छलफल भयो। छलफलका क्रममा विभागको Integrated Tax System (ITS), नयाँ राजस्व व्यवस्थापन सूचना प्रणाली (New RMIS) र नेपाल क्लियरिङ्ग हाउसको Connect IPS बीचको अन्तर आबद्धताको बारेमा छलफल भयो। २०७५ भदौ १ गतेदेखि सबै आन्तरिक राजस्व कार्यालयहरुमा विद्युतीय भुक्तानी (e-payment) प्रणालीबाट पनि राजस्व बुझ्ने व्यवस्था मिलाउने गरी कार्य गर्ने निर्णय सहित कार्यक्रमको समापन भयो।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

**मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना**

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

# महानिर्देशक र कार्यालय प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता सम्पन्न

आन्तरिक राजस्व विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल र ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालयका प्रमुखहरूबीच चालू आ.व.मा गर्नुपर्ने कार्यहरूको कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ । साउन २९ गते विभागको सभाहलमा आयोजित कार्यक्रमकाबीच उक्त सम्झौता भएको हो ।

सम्झौतामा कार्यालयहरूले सम्पादन गर्ने कार्यहरूलाई वार्षिक रूपमा उल्लेख गरिएको छ । वार्षिक लक्ष्यलाई कार्यालयहरूले मासिक रूपमा विभाजन गरी लक्ष्य हासिल गर्नुपर्ने सम्झौतामा उल्लेख छ । सम्झौतामा ठूला करदाता कार्यालय र मध्यमस्तरीय करदाता कार्यालयले आयकर र मू.अ.करको Non Filer १ प्रतिशतभन्दा कम रहने गरी कार्य गर्नुपर्ने, मू.अ.करको डेबिट विवरण ५० प्रतिशतभन्दा बढी, क्रेडिट विवरण ४५ प्रतिशतभन्दा कम र शून्य विवरण १ प्रतिशतभन्दा कम रहनुपर्ने गरी कार्य गर्नुपर्ने कुरा उल्लेख छ । त्यसैगरी आन्तरिक राजस्व कार्यालयहरूले आयकरको Non filer ३० प्रतिशतभन्दा कम र मू.अ.करको Non Filer १० प्रतिशतभन्दा कम रहने गरी कार्य गर्नुपर्ने उल्लेख छ । यस्तै मू.अ.करको डेबिट विवरण २० प्रतिशत भन्दा बढी, क्रेडिट विवरण ४५ प्रतिशतभन्दा कम र शून्य विवरण २५ प्रतिशतभन्दा कम रहने गरी कार्य गर्ने समेत उल्लेखित छ । यसका साथै आन्तरिक राजस्व



(ठूला करदाता कार्यालयका प्रमुखलाई कार्यसम्पादन सम्झौताको प्रति हस्तान्तरण गर्नुहुँदै महानिर्देशक विष्णुप्रसाद नेपाल)



(कार्यसम्पादन सम्झौतामा उल्लिखित सर्तहरुको छलफल कार्यक्रममा महानिर्देशक र कार्यालय प्रमुखहरु)

कार्यालयहरूले पूंजीगत लाभकरको अनुसन्धान गरी कर निर्धारण गर्ने परिसूचक समेत यस आ.व.मा थप गरिएको छ । वार्षिक लक्ष्य प्राप्तिका लागि कार्यालय प्रमुखहरू महानिर्देशकप्रति पूर्णरूपमा जवाफदेही हुनुपर्ने समेत सम्झौतामा उल्लेख छ । सम्झौतामा कार्यालयमा रहेका करदाता सेवा, कर संकलन, कर परीक्षण र अनुसन्धान शाखाले गर्नुपर्ने कार्यलाई विभाजन गरी हरेक कार्यलाई निश्चित भार समेत दिइएको छ ।

कार्यसम्पादन सम्झौता सम्पन्न भएपछि कार्यालय प्रमुखहरूलाई निर्देशन दिनुहुंदै महानिर्देशक विष्णुप्रसाद नेपालले राजस्व संकलनको लक्ष्य अत्यन्त चुनौतीपूर्ण रहेकोले लक्ष्य हासिल गर्न परम्परागत कार्यशैलीबाट माथि उठेर राजस्व संकलन हुनसक्ने सम्भावित क्षेत्रहरू खोजी गर्न आग्रह गर्नुभयो । कर्मचारीहरूलाई अत्यावश्यक अवस्थामा बाहेक बिदामा नछोड्न निर्देशन दिंदै उहांले नयां स्थापना भएका कार्यालयहरूका लागि भवन तथा जग्गा खोजी गरी तत्काल कार्यालय सञ्चालनको वातावरण बनाउन समेत जोड दिनुभयो ।

# नयाँ राजस्व व्यवस्थापन सूचना प्रणाली (New RMIS) को प्रयोग सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

नयाँ राजस्व व्यवस्थापन सूचना प्रणाली (New RMIS) को प्रयोगबाट विभाग अन्तर्गतका कार्यालयहरुमा संकलन हुने राजस्वलाई आम्दानी बाध्ने र सर्वसञ्चित कोषमा दाखिला गर्ने सम्बन्धमा रहेका द्विविधाहरुलाई निवारण गर्ने उद्देश्यले मिति २०७५ साउन १७ गते आन्तरिक राजस्व विभागमा अन्तरक्रिया कार्यक्रम गरियो । उक्त कार्यक्रममा विभागका महानिर्देशक विष्णुप्रसाद नेपाल, उपमहानिर्देशक बलराम रिज्याल, यज्ञ प्रसाद ढुंगेल, डा. नारायण प्रसाद रेग्मी, सूचना प्रविधि विज्ञ प्रेमशरण श्रेष्ठ, विभागका निर्देशक तथा शाखा अधिकृत र काठमाडौ उपत्यका भित्रका कार्यालयका प्रमुख कर अधिकृत तथा संकलन शाखाका कर अधिकृतको उपस्थिति थियो। त्यस्तै महालेखा नियन्त्रक कार्यालयका उप-महालेखा नियन्त्रक यदु भट्टराई, नेपाल क्लियरिङ्ग हाउसका प्रतिनिधि र राजस्व संकलन गर्ने बैंकका प्रतिनिधिको समेत उपस्थिति थियो ।



(अन्तक्रियामा बोल्नुहुँदै महानिर्देशक विष्णुप्रसाद नेपाल)



(अन्तक्रियात्मक कार्यक्रममा सहभागीहरु)

कार्यक्रमको परिचय दिँदै विभागका निर्देशक नारायण प्रसाद भण्डारीले कार्यक्रमको औपचारिक सुरुवात गर्नुभयो । आन्तरिक राजस्व विभाग मातहतमा New RMIS को प्रयोग सम्बन्धमा विभागका निर्देशक चुडामणि ढुंगानाले बताउनुभयो । त्यस्तै कार्यक्रममा उपमहालेखा नियन्त्रक यदु भट्टराईले नयाँ राजस्व व्यवस्थापन सूचना प्रणाली (New RMIS)को परिचय दिँदै यसको प्रयोगमा महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको भूमिकाको बारेमा बताउनुभयो। कार्यक्रममा खुल्ला छलफल अन्तर्गत नेपाल क्लियरिङ्ग हाउस तथा राजस्व संकलन गर्ने बैंकका प्रतिनिधिले New RMIS का विषयमा रहेका द्विविधा तथा आगामी दिनमा गर्नुपर्ने सुधारका विषयमा जिज्ञासा राख्नुभएको थियो । छलफलमा उठेका द्विविधा तथा प्रश्नको जवाफ दिँदै उप-महालेखा नियन्त्रक यदु भट्टराईले आगामी दिनमा New RMIS को प्रयोगमा थप सहजता आउने कुरा उल्लेख गर्नुभयो ।

# आर्थिक वर्ष २०७५/०७६ श्रावण १ गतेबाट लागू हुने गरी राजस्व संकेतमा परिवर्तन

विगतमा प्रयोगमा रहेका केही राजस्व शीर्षकमा आर्थिक वर्ष २०७५।७६ को श्रावण १ गतेबाट लागू हुने गरी परिवर्तन गरिएको छ । आन्तरिक राजस्व विभागसँग सम्बन्धित देहायका राजस्व संकेतहरु आ.व. २०७५।७६ श्रावण १ गते देखि कार्यान्वयनमा आएका छन् ।

| राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | व्याख्या | साविकको राजस्व संकेत | नयाँ राजस्व संकेत |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ । | ११११११ | ११११११ |
| पारिश्रमिक कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ । | ११११२ | ११११२ |
| पूँजीगत लाभकर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ । | ११११३ | ११११३ |
| निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ । | १११२१ | १११२१ |
| निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । | १११२२ | १११२२ |
| निकायको मुनाफामा लाग्ने कर-प्राइभेट लिमिटेड कम्पनी | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ । | १११२३ | १११२३ |
| निकायको मुनाफामा लाग्ने कर- अन्य संस्था | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरु (साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघरसंस्था, विदेशी कम्पनी एवं अन्य निकाय) को आयमा लाग्ने कर यसमा पर्दछ । | १११२४ | १११२४ |

| | | | |
|---|---|---|---|
| पुँजीगत लाभकर-निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका नि:सर्गबाट भएको पुँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ । | ११६२५ | ११६२५ |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पत्ती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर यसमा पर्दछ । | ११६३१ | ११६३१ |
| ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ । | ११६३२ | ११६३२ |
| लाभांशमा लाग्ने कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत् प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ । | ११६३३ | ११६३३ |
| लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ । | ११६३४ | ११६३४ |
| आकस्मिक लाभकर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ । | ११६३५ | ११६३५ |
| अन्य आयमा लाग्ने कर | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ । | ११६३६ | ११६३९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रूपमा तोकिए बमोजिम लिईने सामाजिक सुरक्षा कर यसमा पर्दछ । | ११२११ | ११२११ |
| बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने मू.अ.कर | सरकारका तहहरूबीच बाँडफाँड हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँड नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाईने मू.अ.कर वापतको रकम यसमा पर्दछ । | ११४४२ | ११४१२ |
| स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ । | ११४४२ | ११४४२ |
| शिक्षा सेवा शुल्क: शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ । | ११४४३ | ११४४३ |
| शिक्षा सेवा शुल्क: वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवाशुल्क वापत्को रकम यसमा पर्दछ । | ११४४४ | ११४४४ |
| मू.अ.क.-उत्पादन संकलन | उत्पादन कर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | ११४११ | ३३११ |
| मू.अ.क.-आयात | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ । | ११४१२ | ३३११२ |

| | | | |
|---|---|---|---|
| मू.अ.क.-वस्तु बिक्री र वितरण संकलन | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत् तिर्नु पर्ने रकम यसमा पर्दछ । | ११४१३ | ३३११३ |
| मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | ११४१४ | ३३११४ |
| मू.अ.क.-पर्यटन सेवा संकलन | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (र्‍याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | ११४१५ | ३३११५ |
| मू.अ.क.-संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ । मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका मनोरन्जन कर असुल भएमा यसैमा जम्मा गर्नु पर्दछ । | ११४१६ | ३३११६ |
| मू.अ.क.-बेदर्तावालाबाट गर्ने संकलन | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रि संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलनरदाखिला गर्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ । | ११४१७ | ३३११७ |
| **बाँडफाँड हुने अन्त:शुल्क** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्त:शुल्क यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन ।** | **११४२०** | **३३१३०** |
| सुर्तिजन्य पदार्थ: संकलन | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्त:शुल्क, उत्पादन र बिक्रीइजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२१ | ३३१३१ |
| मदिरा: संकलन | मदिरा (वाईन र हल्का पेय पदार्थ समेतमा लाग्ने) अन्त:शुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२२ | ३३१३२ |
| बियर- संकलन | वियरमा लाग्ने अन्त:शुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२३ | ३३१३३ |
| अन्य औद्योगिक उत्पादन- संकलन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्त:शुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ । | ११४२४ | ३३१३४ |
| | | | |

# आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको कार्यक्षेत्र

नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०७५।०३।२० को निर्णयबाट आन्तरिक राजस्व विभाग अन्तरगतका कार्यालयहरुको संगठन संरचना र दरवन्दी स्वीकृत भएको साथै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०४।१८ को निर्णय अनुसार कार्यक्षेत्र समेत तोकिएकाले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र |
|---|---|---|
| १ | ठूला करदाता कार्यालय | नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरुको वार्षिक कारोवारका आधारमा नेपाल राज्यभरी । |
| २ | मध्यमस्तरीय करदाता कार्यालय | नेपाल सरकार, अर्थ मन्त्रालयले तोकेका करदाताहरुको वार्षिक कारोवारका आधारमा नेपाल राज्यभरी । |
| ३ | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ताप्लेजुङ, पाँचथर, इलामजिल्ला र झापा जिल्लाको मेचीनगर नगरपालिका, कन्काई नगरपालिका, भद्रपुर नगरपालिका, अर्जुनधारा नगरपालिका, विर्तामोड नगरपालिका, बाह्रदशी गाउँपालिका, झापा गाउँपालिका, बुद्धशान्ती गाउँपालिका, हल्दिवारी गाउँपालिका, र केचनाकवलगाउँपालिका । |
| ४ | आन्तरिक राजस्व कार्यालय, दमक | झापा जिल्लाको दमक नगरपालिका, शिवसताक्षी नगरपालिका, गौरादह नगरपालिका, कमल गाउँपालिका र गौरीगञ्ज गाउँपालिका । |
| ५ | आन्तरिक राजस्व कार्यालय, विराटनगर | मोरङ्ग जिल्ला । |
| ६ | आन्तरिक राजस्व कार्यालय, धरान | धनकुटा, भोजपुर, संखुवासभा, तेह्रथुम र सुनसरी जिल्ला । |
| ७ | आन्तरिक राजस्व कार्यालय, लाहान | सप्तरी, सिराहा, उदयपुर, ओखलढुङ्गा, खोटाङ् र सोलुखुम्बु जिल्ला । |
| ८ | आन्तरिक राजस्व कार्यालय, जनकपुर | सिन्धुली, सर्लाही, धनुषा र महोत्तरी जिल्ला । |
| ९ | आन्तरिक राजस्व कार्यालय, सिमरा | रौतहट र बारा जिल्ला । |
| १० | आन्तरिक राजस्व कार्यालय, वीरगञ्ज | पर्सा जिल्ला । |
| ११ | आन्तरिक राजस्व कार्यालय, धुलिखेल | काभ्रेपलाञ्चोक, रामेछाप, दोलखा र सिन्धुपाल्चोक जिल्ला । |
| १२ | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | भक्तपुर जिल्ला । |
| १३ | आन्तरिक राजस्व कार्यालय, ललितपुर १ | ललितपुर महानगरपालिका वडा नं १,२,३,४,५, १०,११,१३,१८,१९,२०,२१,२२ र २५ । |
| १४ | आन्तरिक राजस्व कार्यालय, ललितपुर २ | ललितपुर महानगरपालिका वडा नं ६, ७, ८, ९, १२, १४, १५, १६, १७, २३, २४, २६, २७, २८ र २९ तथा गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका, कोन्ज्योसोम गाउँपालिका, वाग्मती गाउँपालिका र महाङ्काल गाउँपालिका । |
| १५ | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | मकवानपुर जिल्ला । |
| १६ | आन्तरिक राजस्व कार्यालय, भरतपुर | नवलपुर र चितवन जिल्ला । |
| १७ | आन्तरिक राजस्व कार्यालय, दमौली | तनहुँ, गोरखा, लम्जुङ र मनाङ जिल्ला । |
| १८ | आन्तरिक राजस्व कार्यालय, वाग्लुङ | वाग्लुङ, पर्वत, म्याग्दी र मुस्ताङ । |
| १९ | आन्तरिक राजस्व कार्यालय, पोखरा | स्याङ्जा र कास्की जिल्ला । |
| २० | आन्तरिक राजस्व कार्यालय, भैरहवा | रुपन्देही जिल्लाको सिद्धार्थनगर नगरपालिका, तिलोत्तमा नगरपालिकाको वडा नं ५ देखि १७ सम्म, देवदह नगरपालिकाको वडा नं १ देखि ४ र वडा न. ११ र १२, लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा गाउँपालिका, कञ्चन गाउँपालिका, कोटहीमाई गाउँपालिका, मर्चवारी गाउँपालिका, मायादेवी गाउँपालिका, ओमसतिया गाउँपालिका, रोहिणी गाउँपालिका, रोहिणी गाउँपालिका, सम्मरीमाई गाउँपालिका, सियारी गाउँपालिका र शुद्धोधन गाउँपालिका र नवलपरासी जिल्लाको रामग्राम नगरपालिका, सुस्ता गाउँपालिका, पाल्हीनन्दन गाउँपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका । |

| | | |
|---|---|---|
| २१ | आन्तरिक राजस्व कार्यालय, वुटवल | पाल्पा, गुल्मी जिल्ला, रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिका, देवदह नगरपालिकाको वडा नं ५ देखि १०, सैनामैना नगरपालिका तथा तिलोत्तमा नगरपालिकाको वडा नं १ देखि ४ सम्म कञ्चन गाउँपालिका र शुद्धोधन नगरपालिका तथा नवलपरासी जिल्लाको सुनवल नगरपालिका तथा बर्दघाट नगरपालिका । |
| २२ | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | कपिलवस्तु र अर्घाखाँची जिल्ला । |
| २३ | आन्तरिक राजस्व कार्यालय, दाङ | दाङ, रोल्पा, रुकुम(पूर्वी भाग), रुकुमपश्चिम, सल्यान र प्यूठान जिल्ला । |
| २४ | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | बाँके र वर्दिया जिल्ला । |
| २५ | आन्तरिक राजस्व कार्यालय, सुर्खेत | सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, मुगु, कालिकोट, जुम्ला र हुम्ला जिल्ला । |
| २६ | आन्तरिक राजस्व कार्यालय, धनगढी | डोटी, अछाम, बाजुरा, बझाङ् र कैलाली जिल्ला । |
| २७ | आन्तरिक राजस्वकार्यालय, महेन्द्रनगर | दार्चुला, डडेल्धुरा, बैतडी र कञ्चनपुर जिल्ला । |
| २८ | आन्तरिक राजस्व कार्यालय, नयाँसडक | काठमाडौं महानगरपालिका वडा नं १९, २२, २३ र २४ । |
| २९ | आन्तरिक राजस्व कार्यालय, पुतलीसडक | काठमाडौं महानगरपालिका वडा नं १, २८ र २९ । |
| ३० | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | काठमाडौं महानगरपालिका वडा नं ११, १२, २० र २१ । |
| ३१ | आन्तरिक राजस्व कार्यालय, महाराजगञ्ज | काठमाडौं महानगरपालिका वडा नं ३, २६, टोखानगरपालिका वडा नं १ देखि ७ र बुढानिलकण्ठ नगरपालिका वडा नं १ देखि७ । |
| ३२ | आन्तरिक राजस्व कार्यालय, बालाजु | काठमाडौं महानगरपालिका वडा नं १६, तारकेश्वर नगरपालिका, टोखा नगरपालिका वडा नं ८ देखि ११ र रसुवा जिल्ला । |
| ३३ | आन्तरिक राजस्व कार्यालय, टंगाल | काठमाडौं महानगरपालिका वडा नं २, ४ र ५ । |
| ३४ | आन्तरिक राजस्व कार्यालय, ठमेल | काठमाडौं महानगरपालिका वडा नं १७, १८, २५ र २७ । |
| ३५ | आन्तरिक राजस्व कार्यालय, चावहिल | काठमाडौं महानगरपालिका वडा नं ६, ७ गोकर्णेश्वर नगरपालिका, बूढानिलकण्ठ नगरपालिका वडा नं ८ देखि १३, शंखरापुर नगरपालिका र कागेश्वरी मनहरा नगरपालिका वडा नं १ देख ६ । |
| ३६ | आन्तरिक राजस्व कार्यालय, बत्तीसपुतली | काठमाडौं महानगरपालिका वडा न ८, ९ र ३० । |
| ३७ | आन्तरिक राजस्व कार्यालय, बानेश्वर | काठमाडौं महानगरपालिका वडा नं १० र ३१ । |
| ३८ | आन्तरिक राजस्व कार्यालय, कोटेश्वर | काठमाडौं महानगरपालिका वडा न ३२ र कागेश्वरी मनहरा नगरपालिका वडा नं ७ देखि ९ । |
| ३९ | आन्तरिक राजस्व कार्यालय, कालिमाटी | काठमाडौं महानगरपालिका वडा नं १३, १४, दक्षिणकाली नगरपालिका र किर्तिपुर नगरपालिका । |
| ४० | आन्तरिक राजस्व कार्यालय, कलंकी | काठमाडौं महानगरपालिका वडा नं १५, नागार्जुन नगरपालिका, चन्द्रगिरी नगरपालिका तथा धादिङ र नुवाकोट जिल्ला |

## करदाता सेवा कार्यालयहरू

| सि.नं. | कार्यालयको नाम | कार्यालयको कार्यक्षेत्र | तालुक आन्तरिक राजस्व कार्यालय |
|---|---|---|---|
| १ | करदाता सेवा कार्यालय, इलाम | इलाम जिल्ला । | आन्तरिक राजस्व कार्यालय, भद्रपुर । |
| २ | करदाता सेवा कार्यालय, फिदिम | ताप्लेजुङ र पाँचथर जिल्ला । | आन्तरिक राजस्व कार्यालय, भद्रपुर । |
| ३ | करदाता सेवा कार्यालय, खाँदवारी | संखुवासभा जिल्ला । | आन्तरिक राजस्व कार्यालय, धरान । |

| | | | |
|---|---|---|---|
| ४ | करदाता सेवा कार्यालय, धनकुटा | भोजपुर, तेह्रथुम र धनकुटा जिल्ला । | आन्तरिक राजस्व कार्यालय, धरान । |
| ५ | करदाता सेवा कार्यालय, इटहरी | सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिका, बराह नगरपालिकाका वडा नं ८ देखि ११, इनरुवा नगरपालिका, दुहवी नगरपालिका, रामधुनी नगरपालिका, देवानगञ्ज गाउँपालिका, कोशी गाउँपालिका, गढी गाउँपालिका, बर्जु गाउँपालिका, भोक्राहा गाउँपालिका र हरिनगरा गाउँपालिका । | आन्तरिक राजस्व कार्यालय, धरान । |
| ६ | करदाता सेवा कार्यालय, विराटचोक | मोरङ जिल्लाको बेलवारी नगरपालिका, लेटाङ नगरपालिका, पथरी शनिश्चरे नगरपालिका, उर्लावारी नगरपालिका, सुन्दर हरैचा नगरपालिका, कानेपोखरी गाउँपालिका, केराबारी गाउँपालिका र मिक्लाजुङ गाउँपालिका । | आन्तरिक राजस्व कार्यालय, विराटनगर । |
| ७ | करदाता सेवा कार्यालय, उदयपुर | उदयपुर, ओखलढुङ्गा, खोटाङ् जिल्ला र सोलुखुम्बु जिल्लाको खुम्बुपासाङल्यामू गाउँपालिका बाहेकको क्षेत्र । | आन्तरिक राजस्व कार्यालय, लाहान । |
| ८ | करदाता सेवा कार्यालय, लुक्ला | सोलुखुम्बु जिल्लाको खुम्बुपासाङल्यामु गाउँपालिका । | आन्तरिक राजस्व कार्यालय, लाहान । |
| ९ | करदाता सेवा कार्यालय, राजविराज | सप्तरी जिल्ला । | आन्तरिक राजस्व कार्यालय, लाहान । |
| १० | करदाता सेवा कार्यालय, बर्दिवास | महोत्तरी जिल्लाको वर्दिवास नगरपालिकार गौशला नगरपालिका, धनुषाजिल्लाको मिथिला नगरपालिका र सिन्धुली जिल्ला । | आन्तरिक राजस्व कार्यालय, जनकपुर । |
| ११ | करदाता सेवा कार्यालय, मलङ्गवा | सर्लाही जिल्ला । | आन्तरिक राजस्व कार्यालय, जनकपुर । |
| १२ | करदाता सेवा कार्यालय, गौर | रौतहट जिल्ला । | आन्तरिक राजस्व कार्यालय, सिमरा । |
| १३ | करदाता सेवा कार्यालय, कावासोती | नवलपुर जिल्ला । | आन्तरिक राजस्व कार्यालय, भरतपुर । |
| १४ | करदाता सेवा कार्यालय, पाल्पा | पाल्पा र गुल्मी जिल्ला । | आन्तरिक राजस्व कार्यालय, बुटवल । |
| १५ | करदाता सेवा कार्यालय, जुम्ला | जुम्ला, मुगु र कालिकोट जिल्ला । | आन्तरिक राजस्व कार्यालय, सुर्खेत । |
| १६ | करदाता सेवा कार्यालय, डडेलधुरा | डडेलधुरा, दार्चुला र बैतडी जिल्ला । | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर । |
| १७ | करदाता सेवा कार्यालय, लम्की | कैलाली जिल्लाको टिकापुर, भजनी, जानकी, जोशीपुर बर्दगोरिया गाउँपालिका, मोहन्याल गाउँपालिका, घोडाघोडी नगरपालिका र लम्की चुहानगरपालिका । | आन्तरिक राजस्व कार्यालय, धनगढी । |
| १८ | करदाता सेवा कार्यालय, गल्छी | धादिङ र नुवाकोट जिल्ला | आन्तरिक राजस्व कार्यालय, कलंकी |
| १९ | करदाता सेवा कार्यालय, दिक्तेल | खोटाङ जिल्ला | आन्तरिक राजस्व कार्यालय, लाहान |

## आन्तरिक राजस्व कार्यालय पोखरा विशेष

# करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रममा जोड




(पोखराको लेखनाथमा आयोजित अन्तक्रियात्मक कार्यक्रमका सहभागीहरू)

आन्तरिक राजस्व कार्यालय पोखराले आ.ब. २०७५।०७६ को आरम्भसंगै गत श्रावण महिना यता आर्थिक ऐन,२०७५ को छुट सुविधा सम्बन्धी व्यवस्था र प्रचलित कर कानूनको परिपालना विषयलाई मध्यनजर गरी कर शिक्षा तथा अर्न्तक्रिया कार्यक्रममा जोड दिएको छ । श्रावण महिनाको १८ गते लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष कृष्णहरि भण्डारीको अध्यक्षतामा १२३ को सहभागितामा पोखरा, तालचोकमा आयोजित कार्यक्रममा प्रमुख कर अधिकृत केशव कुमार उप्रेती एवं कर अधिकृत उद्धवराज न्यौपानेले करसम्बन्धी विविध विषयमा प्रकाश पार्नुभएको थियो ।

त्यसैगरी गत श्रावण २० गते अडिटर एसोशियसन अफ नेपाल (अडान) कास्कीका अध्यक्ष राजेन्द्र प्रसाद पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा सहभागी करिव २१८ जना व्यवसायी तथा लेखा परीक्षकहरूको संयुक्त अर्न्तक्रिया कार्यक्रममा प्रमुख कर अधिकृत श्री केशव कुमार उप्रेतीले कर सम्बद्ध विषयहरू र आर्थिक ऐन, २०७५ ले गरेका कर सम्बन्धी व्यवस्थाको बारेमा प्रकास पार्दै लेखा परीक्षकहरू व्यवसायीका परामर्शकर्ता एवं सरकारका प्रतिनिधि भएकोले उनीहरूले व्यवसायीका मध्यस्तकर्ताको रूपमा आफुलाई उभ्याउन नहुने कुरामा जोड दिनुभयो । त्यस्तैगरी यही गत श्रावण २३ गते स्याङजा उद्योग बाणिज्य संघका अध्यक्ष विक्रान्त कुमार श्रेष्ठको अध्यक्षतामा ९८ जनाको सहभागितामा आयोजित कार्यक्रममा र सोही दिन स्याङजा चेम्बर अफ कमर्सका अध्यक्ष नन्द कुमारी लम्सालको अध्यक्षतामा १०२ जनाको सहभागितामा स्याङजा जिल्लामा आयोजित बेग्ला बेग्लै कार्यक्रममा क्रमश कर अधिकृत उद्धवराज न्यौपाने र जीवराज निरौलाले कर सम्बद्ध विषयहरूमा सहजीकरण गर्नुभएको थियो ।

आन्तरिक राजस्व कार्यालय पोखराले भाद्र महिनादेखि प्रत्येक १०/१० दिनमा स्थाई लेखा नं. लिई आयकर तथा मु.अ.करमा दर्ता भएका करदातालाई मध्यनजर गरी कर सम्बन्धी विविध विषयमा जानकारी दिन कर सचेतना (वर्कसप) संचालन गर्ने र करदाताहरूको स्वेच्छिक कर सहभागिता र कर कानूनको परिपालनामा जोड दिने नीति रहेको कुरा प्रमुख कर अधिकृत केशव कुमार उप्रेतीले बताउनु भयो । सोही अनुरूप यही भाद्र ११ गते



(आन्तरिक राजस्व कार्यालय पोखरामा आयोजित अन्तक्रियात्मक कार्यक्रमका सहभागिहरू)

कार्यालयको सभाहलमा आयोजित कार्यक्रममा नयां दर्ता भएका ७३ जना व्यवसायीहरूलाई कर अधिकृतद्धय विजय प्रसाद लामिछाने र उद्धवराज न्यौपानेले आयकर, मु.अ.कर, अन्तशुल्कका विविध विषयहरूमा जानकारी गराउनु भयो । उक्त कार्यक्रममा प्रमुख कर अधिकृत उप्रेतीले करदाताहरूलाई कर सम्बन्धी जानकारी र सचेतनाको लागि कर कार्यालयको ढोका सदैब खुल्ला रहेको तर व्यवसायीहरूले आफ्नो व्यवसायिक इमान्दारितालाई बहन गरी यथार्थ कर सहभागिता जनाउनु पर्ने र अन्यथा गर्नेलाई कानून बमोजिम कारवाही समेत हुने व्यहोरा औल्याउनु भएको थियो ।

# करदाता सेवा कार्यालय त्रिपुरेश्वरमा डिजिटल टोकन प्रणाली लागु



(डिजिटल प्रणाली लागू भएपछि सेवा लिँदै सवाग्राहीहरु)

आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वरले २०७५ साल श्रावण १ गतेबाट करदाता र सेवाग्राहीका लागि डिजिटल (विद्युतीय) टोकन प्रणाली लागू गरेको छ । २०७४ साल चैत्रबाटै परीक्षणको रुपमा शुरु गरिएको विद्युतीय टोकन प्रणालीबाट सकारात्मक प्रभाव तथा प्रतिकृया प्राप्त भएपछि आ.ब. २०७५/०७६ को शुरुबाट टोकन प्रणालीलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइएको हो । यससँगै आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरु मध्येमा विद्युतीय टोकन प्रणाली लागु गर्ने पहिलो कार्यालय भएको छ ।



(टोकन लिएर आफ्नो पालो पर्खदैं सेवाग्राहीहरु)

विद्युतीय टोकन प्रणाली लागू भएपछि करदाता र सेवाग्राहीले कार्यालयबाट पाउने सेवा पहिले भन्दा सहज, ब्यवस्थित र मर्यादित भएको पाइएको छ। यसबाट सेवाग्राहीको पालो र समय पूर्वानुमानयोग्य भई विश्वसनीयता बढेको र सेवाग्राहीको सन्तुष्टिमा बढोत्तरी हुन गएको समेत पाइएको छ। विद्युतीय टोकन प्रणाली लागू गर्नु भन्दा पहिलेको तयारी स्वरुप कार्यालयबाट दिइने सेवा तथा गरिने कार्यहरुलाई बर्गीकरण गर्ने, उपलब्ध जनशक्तिको आधारमा काउण्टर व्यवस्थापन गर्ने तथा करदाता र सेवाग्राहीलाई एउटै कामको लागि बिभिन्न काउण्टर र कोठाहरुमा जानुपर्ने अवस्थामा परिवर्तन गरी One Stop Service अर्थात एउटै काउण्टरबाट काम सकिने गरी Office Layout मिलाउने जस्ता कामहरु सम्पन्न गरिएको थियो । विद्युतीय टोकन प्रणाली लागू गरेपश्चात सेवाग्राहीहरुबाट सो सम्बन्धमा सर्वेक्षण फाराम मार्फत सुझाव तथा प्रतिकृया समेत लिइएको थियो । सर्वेक्षणमा सेवाग्राही र करदाताहरुबाट कार्यालयमा विद्युतीय टोकन प्रणाली लागू गरिएपछि सेवा लिन सहज तथा समयको बचत भएकोले यसलाई निरन्तरता दिनुपर्ने, सेवा दिने काउण्टर तथा कर्मचारी थप गर्दै जानुपर्ने जस्ता सकारात्मक प्रतिकृया तथा सुझावहरु प्राप्त भएका छन् ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
**लाजिम्पाट, काठमाडौंको**

## कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने सम्बन्धी सूचना

**एक करोड रुपैया भन्दा बढी मूल्यको सवारी साधनको खरिदकर्ताले त्यस्तो सवारी साधन नामसारी गराउँदा अनिवार्य रुपमा कर चुक्ता प्रमाणपत्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पेश गर्नुपर्ने व्यहोरा मिति २०७५/०४/०४ को निर्णयअनुसार सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।**

# परिपत्र

**१.** ढुवानी व्यवसायी महासंघ'नेपालको मिति २०७५।०३।२८ को पत्रबाट "ढुवानी कार्य गर्ने ढुवानी व्यवसायीहरु मूल्य अभिवृद्धि कर मा दर्ता हुनु पर्ने वा नपर्ने?, अग्रिम कर कट्टी को आधिकारिक दर रेट हाल के कति कायम गरिएको छ र सो को अभिलेख के कसरी राखी हिसाब मिलान गर्नुपर्ने? र विविध कारण बस मूल्य अभिवृद्धि करमा दर्ता भएका र कारोबार गरेका वा नगरेका ढुवानी व्यवसायीलाई मूल्य अभिवृद्धि कर खारेजी गर्नु पर्ने हो अथवा नपर्ने हो?" प्रष्ट पारिदिन माग भएकोमा उक्त विषयहरु सम्बन्धमा देहाय बमोजिम हुन मिति २०७५।०४।११ को निर्णयानुसार परिपत्र जारी गरिएको छ ।

क) मूल्य अभिवृद्धि कर ऐन,२०५२ को अनसुची'१ को समूह ९ मा आपूर्तिसँग सम्बन्धित ढुवानी वाहेकका ढुवानी सेवालाई करछुट हुने सेवाको रुपमा व्यवस्था भएकोले ढुवानी सेवाको मात्र कार्य गर्ने ब्यक्ति मूल्य अभिवृद्धि करमा दर्ता हुनु नपर्ने ।

ख) सामयिक कर असुल ऐन,२०१२ को दफा ३ बमोजिम नेपाल सरकारको मिति २०७५।०२।१५ को सूचित आदेश बमोजिम आयकर ऐन,२०५८ को दफा ८८ को उपदफा (४) को खण्ड (क) मा उल्लेख भए वाहेकको वासिन्दा व्यक्तिले सोही दफाको उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम ढुवानी सेवा वापतको भाडा भुक्तानी गर्दा उक्त भुक्तानीमा दुई दशमलव पाँच प्रतिशतका दरले करकट्टी गर्नुपर्ने तथा दफा ९०, दफा ९१ र दफा ९३ को व्यवस्थाहरुको पालना गर्नुको साथै दफा ८१ बमोजिम अभिलेख राख्नुपर्ने ।

ग) ढुवानी सेवा प्रदान गर्ने कुनै व्यक्ति अन्य करयोग्य वस्तु वा सेवाको कारोबार संचालन नगरेको अवस्थामा तथा भूलवस मूल्य अभिवृद्धि करमा दर्ता भएको खण्डमा मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ११ को उपदफा १ को खण्ड (छ) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता खारेजी गर्नुपर्ने । त्यस्तै, उक्त ब्यक्ति ढुवानी सेवाको साथै अन्य करयोग्य वस्तु वा सेवाको कारोबार संचालन गर्दाको अवस्थामा मूल्य अभिवृद्धि करमा दर्ता भएको तर हाल निजले उक्त करयोग्य वस्तु वा सेवाको कारोबार गर्न छोडी ढुवानी सेवा (आपूर्तिसँग सम्बन्धित ढुवानी वाहेक) को कारोबार मात्र संचालन गरेको अवस्थामा मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ११ को उपदफा १ को खण्ड (घ) बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता खारेजी गर्नुपर्ने ।

२. आयकर ऐन (सं.स.),२०५८ को प्रभावकारी कार्यान्वयनको लागि एक करोड रुपैयाँ भन्दा बढी मूल्यको सवारीसाधनको खरिदकर्ताबाट कर चुक्ताको प्रमाण पत्र पेश गराउन आवश्यक देखिएकोले तहाँ विभाग अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुले सवारी साधन खरिद गर्ने खरिदकर्ताबाट कर चुक्ताको प्रमाण पत्र पेश हुन आएपछि मात्र नामसारीको कार्य गर्ने व्यवस्था हुन मिति २०७५।०४।०४ को निर्णयानुसार अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लाजिम्पाट, काठमाडौंको

## मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरुले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना ।


मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको

## आफैले E-TDS को User ID तथा Password सृजना गर्ने र Password Reset गर्ने तरिका सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागको मा Website, www.ird.gov.np जाने
Taxpayer Portal मा Click गर्ने । Taxpayer Portal मा भएको E-TDS Click गर्ने ।


### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Password : 123456789
Confirm Password : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com (It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं) 123456789
प्रयोग कर्ताको नाम 123456789
पासवर्ड ******

### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com
(It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं): 123456789
प्रयोग कर्ताको नाम: 123456789
पासवर्ड: ******


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
बलराम रिज्याल
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
कमल कुमार भट्टराई
खेम नारायण रेग्मी
काशिनाथ भट्टराई
सुशील लम्साल
शिवहरि न्यौपाने



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।